# त्रिभुवन विश्वविद्यालय
# Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
**DEAN'S OFFICE**


पत्र संख्याः-
**Ref. No.**
चलानी नं:-

मितिः २०८२।०९।१६
**Date:**

डीनको कार्यालय

## त्रि.वि. रजिष्ट्रेशन फारम भर्ने सम्बन्धि सूचना

उपर्युक्त सम्बन्धमा यस संकाय अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस कलेजहरुमा शैक्षिक बर्ष २०८२ मा अध्ययन गर्ने सम्पूर्ण तहका विद्यार्थीहरुले **परीक्षा नियन्त्रण कार्यालय बल्खुबाट मिति २०८२।०९।१५ गते प्रकाशित सूचना अनुसार २०८२ पौष मसान्त सम्ममा अनिवार्य रुपमा त्रि.वि. रजिष्ट्रशन फारम भर्नु/भराउनु हुन यस संकाय अन्तर्गत एलएल.एम., बी.ए.एलएल.बी. र एलएल.बी. तहका सम्पूर्ण विद्यार्थीहरु र सम्बन्धित क्याम्पस कलेजलाई** सूचित गरिन्छ ।

द्रष्टव्य :त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०८२।०९।१५ प्रकाशित सूचनाको एक प्रति यसै साथ संलग्न छ ।

डीन
कानून संकाय

**डीन**
**कानून संकाय**


**Phone No.: +977-15330516, 15326586, P.O. Box No.: 19445, Balkhu, Kathmandu, Nepal**
**E-mail: facultyoflaw1234@gmail.com, Website: www.fol.edu.np**

# भर्ना समूह २०८२ (2025) सालको त्रि.वि.रजिष्ट्रेसन सम्बन्धी संशोधित सूचना

(पुनः प्रकाशित मिति २०८२।०९।१५)

त्रि.वि.अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा शैक्षिक वर्ष २०८२ (2025) मा अध्ययन गर्ने सम्पूर्ण तहका विद्यार्थीहरुको Online मार्फत त्रि.वि.रजिष्ट्रेशन गर्नुपर्ने भएको हुँदा सबै क्याम्पस/कलेजहरूलाई विद्यार्थी स्वयं मार्फत देहाय अनुसार गर्ने गरी Online त्रि.वि.रजिष्ट्रेशन फाराम भराउनको लागि मिति २०८२।०९।०१ गते प्रकाशित गरिएकोमा त्रि.वि.कार्यकारी परिषद्को निर्णय अनुसार यो संशोधित सूचना प्रकाशित गरिएको छ ।

- रजिष्ट्रेशन गर्ने सन्दर्भमा त्रि.वि.कार्यकारी परिषद्को मिति २०८२ पौष १२ गते बसेको बैठकको निर्णय नं. २७२ अनुसार **"त्रि.वि.रजिष्ट्रेसन फाराम भर्ने समयावधि क्याम्पस भर्ना हुने म्याद समाप्त भएको मितिले ३० (तीस) दिन"** मात्र कायम गर्ने निर्णय भएको र त्रि.वि.को शैक्षिक कार्यपात्रो अनुसार शैक्षिक सत्र २०८२ (2025) को लागि स्नातक तहको भर्ना अवधि २०८२ मंसिर मसान्तसम्म निर्धारण भएको हुनाले स्नातक तहमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरुको त्रि.वि.रजिष्ट्रेसन २०८२ पौष मसान्तसम्ममा Online मार्फत भराई सो वापत लाग्ने दस्तुर सहित सोही मिति भित्र सम्बन्धित क्षे.प.नि.का./परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाउने व्यवस्थाका लागि यो संशोधित सूचना प्रकाशित गरिएको छ । तोकिएको मिति पश्चात् रजिष्ट्रेसन गरिने छैन ।

- शुल्कको हकमा विदेशी विद्यार्थीको लागि रु.१०००।- र स्वदेशी विद्यार्थीको लागि रु.५००।- हुनेछ ।

**पुनश्च :**

१) विद्यार्थीले Online Portal मार्फत रजिष्ट्रेसन फाराम भरी SEE/SLC, +2 तहका सम्पूर्ण ट्रान्सक्रिप्टहरु Upload गरी सम्बन्धित क्याम्पसमा submit गर्नु पर्नेछ र क्याम्पसले उक्त फाराममा संलग्न कागजपत्रहरु रुजु गरी सबै ठीक भएमा तोकिएको शुल्क सहित परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा Submit गर्नु पर्नेछ ।

२) विद्यार्थीले रजिष्ट्रेशन फाराम बुझाईसकेपछि प्रथम वर्षको परीक्षा संचालन नभएसम्म कुनै पनि माइग्रेसन नदिने भएकाले क्याम्पस/कार्यालयहरुले विद्यार्थीहरुलाई माइग्रेसनको लागि सिफारिस नदिन हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

३) क्याम्पस/कार्यालयहरुले रजिष्ट्रेसन फाराम बुझाउँदा फारामको संख्या बमोजिमको रकम मात्र भुक्तानी भएको हुनुपर्ने अन्यथा बढी भुक्तानी भएको रकमलाई पछि प्राप्त हुन आउने रजिष्ट्रेशन फाराममा मिलान गरिने छैन ।

४) रजिष्ट्रेशन फाराममा संलग्न गर्नुपर्ने कागजातहरु SEE/SLC वा सो सरहको मार्कसीट, Character Certificate, Provisional Certificate को प्रतिलिपि सहित Original Migration र विदेशी बोर्डको हकमा Equivalent Letter समेतको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । स्नातकोत्तर तहको रजिष्ट्रेशन फारामको हकमा अन्तिम पास level को सम्पूर्ण सर्टिफिकेटहरु थप समावेश गर्नुपर्नेछ । भर्ना समूह २०८२ (2025) को लागि विद्यार्थीहरु भर्ना गर्दा क्याम्पसहरुले सन् 2025 पछाडि उत्तीर्ण भएका विद्यार्थीहरुलाई भर्ना नगर्नु हुन र माथि उल्लेखित Criteria नपुगी फाराम बुझाएमा उक्त फारामको पुनः शुल्क लाग्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

५) क्याम्पस/कार्यालयहरुले २०८२ को रजिष्ट्रेशन फाराम विद्यार्थीहरुबाट Submit भएको विवरण प्रमाणीकरण गरी Online र रुजु सम्बन्धित क्याम्पस/कार्यालयबाट गर्नुपर्नेछ ।

परीक्षा नियन्त्रक